# मेचीनगर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## १ नं. प्रदेश,नेपाल

### कर,शुल्क असुली ठेक्काको शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति २०७६/०३/०६

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यस मेचीनगर नगरपालिकाको कर,शुल्क असुली गर्न तपशिलमा उल्लेख भएको न्युनतम अंकमा नघटाई आ.व. २०७६/२०७७ वर्ष एक कालागि तोकिएको शर्त बन्देजमा रही ठेक्का लिन चाहने इच्छुक मु.अ.कर दर्ता फर्मले सूचनामा तोकिएको मिति र समय भित्र मेचीनगर नगरपालिका कार्यालय ईटाभट्टा,झापाबाट बोलपत्र फारम खरिद गरि तोकिएको मिति र समय भित्र मेचीनगर नगरपालिका कार्यालय ईटाभट्टा,झापामा रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ बिस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ वा www:mechinagarmun.gov.np मा समेत हेर्न सक्नु हुनेछ ।

*तपशिल*

१) बोलपत्र फारम मेचीनगर नगरपालिका कार्यालयबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी नगरपालिकामा तिर्न बुझाउन पर्ने बक्यौता भए चुक्ता गरेको प्रमाण र फर्म नविकरण गरेको प्रतिलिपी सहित निवेदन पेश गरी खरीद गर्न सकिनेछ ।

२) गोप्य शिलबन्दी बोलपत्र, सूचनामा तोकिएको मिति र समय भित्र पेश गरी सक्नु पर्नेछ ।

३) धरौटी बापत आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% (पाँच प्रतिशत) र विदेशी नागरिक भए १०% ( दश प्रतिशत) रकम न.पा.को नाउँमा रहेको नेपाल बैंक लिमीटेड काकरभिट्टा स्थित धरौटी हि.नं.ग-३ ( १०६०३००००००००३००००२) मा जम्मा गरेको सक्कल भौचर वा सोहि रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि गरिएको ९० (नब्बे) दिन अवधिको विडवण्ड (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । नगद धरौटीलाई मान्यता दिईने छैन । बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्नु पूर्व आफुले कबोल गरेको अंकको १३ प्रतिशत VAT ( मु.अ.कर ) वापतको रकम राजश्व खातामा जम्मा गरेको सक्कलै प्रति भौचर सहित कवुल अंकको ५% (पाँच) प्रतिशतका हिसावले हुन आउने थप धरौटी रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा आ.ब.२०७६/२०७७ को आषढ मसान्त सम्मको अवधिको राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट सोहि ठेक्काकोलागि मेचीनगर नगरपालिकाको नाममा जारी गरिएको परफरमेन्स वण्ड (बैंक जमानत पत्र) पेश गर्नु पर्नेछ ।

४) दर्ता हुन आएका बोलपत्र फारमहरु, सूचनामा उल्लेखित दाखिला गर्नआउने अन्तिम दिन, दिनको २:०० बजे कार्यालयका प्रतिनिधी र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ, । बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) स्वीकृत बोलपत्रको कबोल अंकलाई बराबरी ३ (तिन) किस्तामा बिभाजन गरि हुन आउने रकमलाई किस्ता कायम गरी पहिलो किस्ता अग्रीम संझौता गर्दा कै वखत बैंक दाखिला गरी बाँकी रकमको जमानत बापत यस

कार्यालयका नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्रप्त बाणिज्य बैंकबाट जारी भएको बाँकी रकम बराबरको कम्तिमा २०७७ साल आषाढ मसान्तसम्मको अवधिको परफरमेन्स बण्ड (बैक जमानत पत्र) पेश गर्नु पर्नेछ ।

६) ठेक्का सम्बन्धमा नेपाल सरकार वा अन्य कुनै संघ संस्थालाई अन्य कुनै कर दस्तुर तिर्नु बुझाउनु परेमा ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

७) किस्ता बुझाँउदा यस मेचीनगर नगरपालिका कार्यालयको नाममा रहेको ने.बै.लि. काकरभिट्टाको हि.नं. ग–४-१ (१०६०३००००००००४००१००३) मा र विज्ञापन करको किस्ता बुझाउदा सोहि बैकको हि नं. ग-४-२ (१०६०३००००००००४००२००२) विभाज्य कोष खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नगद निवेदन साथ यस कार्यालयमा दाखिल गर्नु पर्नेछ । ठेक्का स्वीकृत भई कार्य सुरुगर्नु पूर्वनै ठोक्का रकम एकमुष्ट बुझाएमा १० प्रतिसत छुट दिईने छ ।

८) ठेकेदारले म्यादभित्र किस्ता रकम नबुझाएमा बुझाउन बाकी रहेको किस्ता रकममा नगरपालिकाले १०% ( प्रतिशत) का हिसाबले थप जरिवाना लिन सक्ने वा ठेक्का बदर गरी धरौटी समेत जफत गरी अर्को व्यवस्था गर्न सक्ने छ । त्यसरी अर्को व्यवस्था गरी काम सम्पन्न गराउँदा नगरपालिकालाई हुन गएको नोक्सानी समेत निज ठेकेदारबाटै असुल उपर गरिनेछ ।

९) बोलपत्रदाताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । तर अक्षरमा स्पस्ट अर्थ नलागेमा अंकलाई मान्यता दिईनेछ ।

१०) ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद परेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

११) बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ

१२) विषेश परिस्थीती वा काबु बाहिरको परिस्थीती बाहेक ठेकेदारले कुनै किसिमको कारण देखाई ठेक्का मिनाहा पाँउ भनी निवेदन दिएमा नगरपालिकाले ठेक्का अंक मिनाहा दिईने छैन ।

१३) रित नपुगेको वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

१४) नगरपालिकाले तोकि दिएको दररेट भन्दा बढी दररेटमा रकम लिएको वा उठाएको पाईएमा नगरपालिकाले एक पटकमा रु २०००।०० सम्म जरिवाना असुल गर्ने,सोहि कसुर दोहोरिएमा सोको दोब्बर जरीवाना लिने वा ठेक्का वदर गर्ने वा दुबै गर्न सक्नेछ ।

१५) ठेक्का अवधिभर ठेक्का संचालन गर्दा यस नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्‍याएमा सो को हर्जना समेत ठेकेदारबाट असुल गरिनेछ ।

१६) बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले सात दिनभित्र कबुलियत गरि पट्टाचलनपूर्जी लिन नआएमा निजले राखेको धरौटी जफत गरी नियमानुसार दोश्रो घटीवाला संग ठेक्का संझौता गर्न वा अन्य व्यवस्था गर्न सकिने छ ।

१७) कर असुल गर्दा प्रयोग गरिने रसिद, एवम् अन्य आवश्यक भौतिक सामाग्रीहरुको व्यवस्था ठेकेदार आफैले गर्नु पर्नेछ ।

१८) कर असुल गर्ने रसिद नगरपालिकाबाट अनिवार्य प्रमाणीत गरी न.पा को छाप लगाई प्रयोग गर्नु पर्नेछ । नगरपालिका तथा जुनसुकै निकायवाट अनुगमन भएका समय अन्यथा पाईएमा पटकै पिच्छे रु १०००।०० सम्म जरिवाना गर्न सकिनेछ वा जस्तो सुकै कारबाही गर्न सकिने छ ।

१९) तोकिएको स्थलमा तोकिएको दररेटमा मात्र सुल्क उठाउन पाईने छ । अन्यथा उठाएको प्रमाणित हुन आएमा त्यस्तो बढी रकम फिर्ता गर्न लगाई पटकै पिच्छे रु १०००।०० (एक हजार) सम्म जरीवाना गर्न सकिने छ ।

२०) एक फर्मले एक ठेक्काको एउटा मात्र वोलपत्र खरिद गर्न पाउनेछ । वोलपत्र दाता स्वयं उपस्थित हुन नसकेमा मञ्जुरी साथ निजको प्रतिनिधीले मात्र वोलपत्र खरिद गर्न पाउने छ ।

२१) ठेक्का स्वीकृत भई कार्यादेश लिएको ७ (सात) दिन भित्र कार्यादेश अनुसारको दर रेट वोर्ड कर दाताले प्रष्ट देख्ने गरी कर असुली चौकीमा राख्नु पर्ने छ । त्यसरी वोर्ड नराखी कर शुल्क उठाएको पाईएमा पहिलो पटक ७ (सात) दिन भित्र वोर्ड तयार गर्ने गरी सचेत गराईनेछ । तोकिएको समय भित्र समेत वोर्ड नराखेमा पटकै पिच्छे रु २०००।०० (दुईहजार) सम्म जरिवाना गर्न सकिने छ ।

२२) हाल सञ्चालनमा रहेका पशुहाट तथा काकरभिट्टाको शार्वजनिक शौचालय हालको स्थानवाट अन्यत्र स्थानान्तरण हुन सक्ने भएकोहुदा स्थानान्तरण भएको कारण बोलपत्रदाताले पेशगरेको कबोल अंकमा कुनै परिवर्तन हुने छैन ।

२३) विज्ञापन करको हकमा आ.ब.२०७६/०७७, २०७७/०७८ र २०७८/०७९ तिन बर्षका लागि क्रमश आ.ब.२०७७/०७८ मा अघिल्लो बर्षको कबोल अंकमा १० प्रतिशतले र २०७८/०७९ मा अघिल्लो १० प्रतिशतले बृद्धि भएको कबोल अंकमा १० प्रतिशतले बृद्धि हुनेछ ।

२४) नगरपालिकाले भुक्तानी पाउने व्यहोराको बैंङ्क ड्राफ्टलाई मान्यता दिइनेछ । त्यस्तो बैंक ड्राफ्ट सटही वा भुक्तानी लिंदा लाग्ने बैंक महसुल ठेकेदारले बुझाउनु पर्नेछ ।

२५) कुनै तार, चिठ्ठी, टेलिफोन र फ्याक्सबाट आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

२६) ठेकेदार फर्म, व्यक्ति वा संघ-संस्थाले नगरपालिकालाई कुनै पेश्की,बांकी बक्यौता,कर,दस्तुर तिर्न बुझाउन बाँकी भई बक्यौता देखिएमा त्यस्तो ठेकेदार, फर्म व्यक्ति वा संघ-संस्थाले पेश गरेको बोलपत्र स्वीकृत गरिने छैन ।

२७) सम्पुर्ण ठेक्काको कर, शुल्कको दररेट टेण्डर फारम साथ उपलब्ध हुनेछ ।

२८) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिनहरुमा विदा पर्न गएमा सो दिनको लगत्तै भोलीपल्ट कार्यालय खुलेको दिनलाई मानिने छ ।

२९) उल्लेखित शर्त बाहेक अन्य शर्तहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**तपशिल**

| सि. नं. | ठेक्काकोनाम | न्युनतम बार्षिक अंक रु | फारम दस्तुर रु | फारम खरिद गर्ने अन्तिम मिति र समय | फारम दाखिला गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सरसफाइ सेवा शुल्क | ६०५००००/०० | ३०००/०० | सूचना प्रकाशित भएको मितिले २१ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले २२ औ दिन १२ बजेसम्म | |
| २ | पशुहाट सेवा शुल्क | ४२,३२,०००/०० | ३०००/०० | सूचना प्रकाशित भएको मितिले २१ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले २२ औ दिन १२ बजेसम्म | |
| ३ | पाकिङ शुल्क काकरभिट्टा बसपार्क ( बस टर्मिनल ) | ३८,८०,०००/०० | ३०००/०० | सूचना प्रकाशित भएको मितिले २१ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले २२ औ दिन १२ बजेसम्म | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | दैनिक तथा साप्ताहिक हाट धुलावारी तर्फ | २१२१०००/०० | ३०००/०० | सूचना प्रकाशित भएको मितिले २१ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले २२ औ दिन १२ बजेसम्म | |
| ५ | शार्वजनीक शौचालय सेवा शुल्क काकरभिट्टा | १६०५५००/०० | २०००/०० | सूचना प्रकाशित भएको मितिले २१ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले २२ औ दिन १२ बजेसम्म | |
| ६ | टेक्सी पाकिङ शुल्क ( भन्सारगेट पूर्व ) | ९५१६००/०० | १०००/०० | सूचना प्रकाशित भएको मितिले १५ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले १६ औ दिन १२ बजेसम्म | |
| ७ | विज्ञापन कर | ८,११,०००/०० | १०००/०० | सूचना प्रकाशित भएको मितिले १५ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले १६ औ दिन १२ बजेसम्म | ३ बर्षका लागि |
| ८ | पाकिङ शुल्क प्यारीभिट्टा बसपार्क | ५००५००/०० | १०००/०० | सूचना प्रकाशित भएको मितिले १५ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले १६ औ दिन १२ बजेसम्म | |
| ९ | शार्वजनीक शौचालय सेवा शुल्क चारआली | १०००००/०० | ५००/०० | सूचना प्रकाशित भएको मितिले १५ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले १६ औ दिन १२ बजेसम्म | |

बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्नु पूर्व तोकिएको म्याद भित्र आफुले कवोल गरेको अंकको १३ प्रतिशत VAT ( मु.अ.कर) वापतको रकम ठेकेदार आफैले अग्रिम राजश्व खातामा जम्मा गरेको प्रमाण भए पश्चात ठेक्का सम्झौता हुनेछ ।

.............................................
( महेन्द्रकुमार खाम्याहाङ )
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत